# गेरुवा गाउँपालिका

## Geruwa Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

पशुपतिनगर, बर्दिया
Pashupatinagar, Bardiya

लुम्बिनी, प्रदेश, नेपाल
Lumbini Province, Nepal


गेरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पशुपतिनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल २०७३

### बीउ प्रशोधन केन्द्र ठेक्का बन्दोबस्त द्वारा संचालन गर्ने सम्बन्धी बोलपत्र आह्वानको सुचना

(पहिलो पटक सुचना प्रकाशित मिति : २०८०/०६/०८)

यस गेरुवा गाउँपालिकाको स्वामित्वमा रहेको गेरुवा गाउँपालिका वडा नं. ३ शान्तिबजार स्थित वीउ प्रशोधन केन्द्र चालु आ.व. २०८०/०८१ को लागी ठेक्का बन्दोबस्त द्वारा संचालन गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी, सहकारी संस्थाहरुले तपसिलका कागजातहरुको प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही तोकिएको मिति भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र फारम पेश गर्नु हुन सम्बन्धीत सबैमा जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

| ठेक्का नं. | विवरण | न्यूनतम कबोल अंक रु. (मू.अ. कर तथा अग्रीम आयकर सहित) | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|
| Rev/GRM/02/2080-081 | बीउ प्रशोधन केन्द्र संचालन | १००,०००/- ( एक लाख मात्र) | ३००/- |

| बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र पत्र दर्ता गर्नुपर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने अन्तिम मिति, समय र स्थान |
|---|---|---|
| २०८०/०६/२२ गते कार्यालय समय भित्र | २०८०/०६/२३ गते दिउँसो १२ : ०० बजे भित्र | २०८०/०६/२३ गते २ : ०० बजे |

**बोलपत्रसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

क) व्यक्तिको हकमा : नेपाली नागरिकताको प्रमाण पत्र र स्थायी लेखा नं.
ख) कम्पनी, फर्म वा सहकारी संस्थाको हकमा : कम्पनी, फर्म वा सहकारी दर्ताको प्रमाण पत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्र, भ्याट, पान दर्ता प्रमाण पत्र

**अन्य शर्तहरु**

- बोलपत्र फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षर लाई मान्यता दिइने छ।
- खरिद गरेको बोलपत्र फारममा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर ठेक्काको विवरण, ठेकेदारको नाम, ठेगाना, सम्पर्क नं. समेत स्पष्ट खुलाउनु पर्ने छ।

६/८
बस बहादुर राना
प्रमुख प्रशासकिय अधिकृत

- कबोल अंकको ५% ले हुन आउने रकम धरौटी वापत यस कार्यालयको मेगा बैंक नेपाल लिमिटेड गेरुवा शाखामा रहेको गेरुवा गाउँपालिका धरौटी खाता नं. ग -३ . १ - १७२०१४००००००६२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाँणिज्य बैंक बाट यस कार्यालयको नाममा जारी गरेको बैंक जमानी पत्र बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
- म्याद नाघि, रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्रहरु स्वीकार हुने छैन । बोलपत्र पत्र स्वीकृत वा रद्द गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहेन छ ।
- बोल पत्र स्वीकृत भएको मितिले ७ दिन भित्र ठेक्का कबोल अंकको प्रथम किस्ता रकम दाखिला गरी पट्टा उठाई सक्नुपर्ने छ ।
- ठेकेदारले ठेक्का कबोल रकम ३ किस्तामा सामान रुपमा बुझाउनु पर्ने छ ।
- ठेकेदारले पहिलो किस्ताको रकम सम्झौता समयमा बुझाउनु पर्नेछ र दुई किस्ता रकम बराबर को आ.व. २०८१/०८२ श्रावण मसान्त सम्म म्याद भएको बैंक जमानी पेश गर्नुपर्ने छ ।
- ठेकेदारले बीउ प्रशोधन केन्द्र संचालन गर्दा खर्च भएको बत्तिको बील आफैले भुक्तानी गर्नुपर्ने छ ।
- बीउ प्रशोधन केन्द्रमा विद्युतिय कारण बाट वा अन्य मेशिनरी कारण बाट कुनै दुर्घटना हुन गएमा सो को जिम्मेवारी ठेकेदारले लिनु पर्नेछ ।
- बीउ प्रशोधन केन्द्र संचालन गर्ने क्रममा कुनै विद्युतिय अथवा मेशिनरी खरावी भएमा सो को मर्मत सम्भार ठेकेदारले नै गर्नुपर्नेछ र ठेक्का सम्झौता समाप्त हुँदाको बखत बीउ प्रशोधन केन्द्र सूचारु अवस्थामा गाउँपालिका लाई बुझाउनु पर्नेछ ।
- बीउ प्रशोधन केन्द्रमा आवश्यक पर्ने जनशक्ति तथा अन्य आवश्यक सामग्रीहरु ठेकेदार आफैले व्यवस्था गर्नुपर्नेछ ।
- बीउ प्रशोधन केन्द्रमा प्रचलित कानूनले बन्देज गरेका कुनै पनि क्रियाकलाप गर्न गराउन पाइने छैन ।
- यस सम्बन्धमा कुनै विवाद उत्पन्न हुन गएमा गेरुवा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।
- यस सूचनामा भएका कुराहरु यसै बमोजिम र सुचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।
- यस सम्बन्धी थप जानकारीको लागी गेरुवा गाउँ कार्यपालिका कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**बोलपत्र पाउने र बुझाउने ठाउँ : गेरुवा गाउँपालिका राजश्व शाखा**

बस बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

**बस बहादुर राना**
**प्रमुख प्रशासकिय अधिकृत**